म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १८ बुधबार ०१ भदौ २०७९ ने. सं. ११४२ गुँलागा 17 August, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा
राष्ट्रिय दैनिक
www.sajhakuranews.com

**घर तथा फ्ल्याट भाडामा**

हेटौंडा-२ स्थित सिद्धार्थ स्कुल अगाडि रहेको साडे २ तल्ला घर भाडामा रहेको हुँदा अफिस, आवास तथा गोदामको लागि आवश्यक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

हेटौंडा-५, अब्बलडाँडामा रहेको १ तल्ला घर विक्री तथा भाडामा रहेको छ ।

हेटौंडा-५, पिप्ले रुद्रेश्वर मन्दिर नजिक रहेको २६ धुर जग्गा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. ९८५११३२८७४
९८४५०२८४३१

# छोरीहरुलाई नि:शुल्क पढाउने निर्णय कार्यान्वयनमा ढिलासुस्ती

साझाकुरा संवाददाता

हेटौंडा, ३१ साउन/ गत कात्तिक ११ गते मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेको नेतृत्वमा बागमती प्रदेश सरकार गठन भयो । सरकार गठन भएलगत्तै बसेको मन्त्रिपरिषद् बैठकले केही महत्वपूर्ण निर्णय गर्‍यो ।

मन्त्रिपरिषद् बैठकले प्रदेशको एकसय १९ वटै स्थानीय तहको अल्पसंख्यक, दलित, सीमान्तकृत तथा लोपोन्मुख समुदायको १/१ जना गरी प्रत्येक वर्ष एकसय १९ जनालाई नि:शुल्क रुपमा प्राविधिक शिक्षा पढाउने निर्णय गरेको थियो । आर्थिक अभावकै कारण पढ्न नपाएका प्रत्येक स्थानीय तहको लक्षित समूहको १ जनालाई वर्षेनि प्रदेश सरकारले प्राविधिक शिक्षा पढाउने निर्णय गरेको थियो ।

त्यसैगरी, सामुदायिक विद्यालयमा पढेका प्रदेशका सबै छोरीलाई स्नातकोत्तरसम्म प्रदेश सरकारले नै पढाउने निर्णयसमेत गरेको थियो । जुन निर्णय ९ महिनाभन्दा बढी समय बितिसक्दा पनि कसरी कार्यान्वयन गर्ने भन्ने अन्यौलमा नै रहेको छ । सरकार गठन भएलगत्तै बिनाअध्ययन लोकप्रियताको लागि गरेको निर्णय कार्यान्वयन गर्न प्रदेश सरकारलाई नै कठिनाई भइरहेको छ । बागमती




प्रदेशको सामाजिक विकास मन्त्रालयको शिक्षा शाखा प्रमुख रुद्रहरि भण्डारीका अनुसार सरकारले सामुदायिक विद्यालयबाट १२ कक्षा पास गरी सामुदायिक क्याम्पसमा नै भर्ना भएका सबै छोरीलाई स्नातकोत्तरसम्म पढाउने निर्णय गरेको थियो । तर, निर्णय भएको ९ महिना भइसक्दा पनि सामुदायिक विद्यालयबाट १२ पास गरी स्नातक पढिरहेका छोरी कति छन् भन्ने तथ्याङ्क नै सरकारले संकलन गर्न सकेको छैन । यसले गर्दा प्रदेश सरकारले कति छात्रालाई पढाउनुपर्ने हो भन्ने कुरा नै मन्त्रालयको लागि अन्योलको विषय बनेको छ ।

भण्डारीले प्रदेश सरकारले प्राविधिक शिक्षा र छोरीहरूलाई स्नातकोत्तरसम्म पढाउन शैक्षिक छात्रवृत्ति निर्देशिका जारी गरिसकेको बताए । उनले प्रदेशमा रहेको सामुदायिक क्याम्पसमा अध्ययनरत् छोरीहरुको तथ्याङ्क संकलन गर्नको लागि मन्त्रालयले सफ्टवेयर निर्माण गरिरहेको बताए । 'अहिले हामीले एउटा सफ्टवेयर बनाइरहेका छौं । उक्त सफ्टवेयर बनेपछि सामुदायिक क्याम्पसमा अध्ययनरत् छात्राहरुले सफ्टवेयरमा नै फाराम भर्नेछन् । त्यसैको आधारमा हामी कार्यक्रम अगाडि बढाउछौं', उनले भने । उनले गत आर्थिक वर्षमा मन्त्रालयले सामुदायिक विद्यालयहरुसँग तथ्याङ्क मागे पनि उपलब्ध नगराएको बताए । भण्डारीले प्रदेशमा रहेका सामुदायिक क्याम्पसमा पढ्ने मात्रै नभई प्रदेशकै स्थायी बसोबास भएका छोरीहरुलाई मात्रै सरकारले पढाउने बताए ।

भण्डारीले चालू आर्थिक वर्षमा प्रदेश सरकारले एकसय १९ वटै स्थानीय तहको अल्पसंख्यक, दलित, सीमान्तकृत तथा लोपोन्मुख समुदायको एकसय १९ जना र सामुदायिक क्याम्पसमा अध्ययनरत् छोरीहरुलाई पढाउन ५ करोड रुपैयाँ बजेट विनियोजन गरेको बताए ।

सरकारले पढाउनुपर्ने विद्यार्थीहरुको संख्या नै यकिन नहुँदा पर्याप्त बजेट पनि विनियोजन नभएको उनको भनाइ छ । उनले हाल निर्माण भइरहेको सफ्टवेयर बनेपछि सरकारले पढाउनुपर्ने छोरीहरुको तथ्याङ्क यकिन हुने भन्दै बजेट अपुग हुने अवस्था आए सरकारसँग माग गर्ने र सरकारले पनि बजेट उपलब्ध गराउने अवस्था नभए प्राथमिकीकरणको आधारमा छात्रवृत्ति वितरण गरिने बताए ।

भण्डारीका अनुसार गत वर्ष मन्त्रालयले एकसय १९ वटै स्थानीय तहसँग प्राविधिक शिक्षा पढ्न चाहने अल्पसंख्यक, दलित, सीमान्तकृत तथा लोपोन्मुख समुदायको १/१ जनाको नाम सिफारिस गरेर पठाउन भनेको थियो । तर, स्थानीय तहको निर्वाचनले गर्दा दुईवटा मात्रै सिफारिस आएको उनले बताए । 'हामीले आ-आफ्नो स्थानीय तहमा प्राविधिक विषय पढ्न चाहेका अल्पसंख्यक, दलित, सीमान्तकृत तथा लोपोन्मुख समुदायको १/१ जनाको नाम सिफारिस गरेर पठाउन भनेका थियौं । -बाँकी पृष्ठ ३ मा...

## ८ जनामा कोरोना संक्रमण पुष्टि

हेटौंडा, ३१ साउन/ मकवानपुरमा थप ८ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ ।

मंगलबार २५ जनाको पीसीआर विधिबाट र ४ जनाको एन्टिजेन विधिबाट परीक्षण गर्दा ८ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको हो । स्वास्थ्य कार्यालय मकवानपुरले सार्वजनिक गरेको विवरण अनुसार मंगलबार ४ जना कारोना संक्रमणमुक्त भएका छन् । मकवानपुर जिल्लामा हाल कोरोनाका १८ जना सक्रिय संक्रमित छन् ।

## ७ विद्यार्थीलाई ५० हजार

साझाकुरा संवाददाता

हेटौंडा, ३१ साउन/ हेटौंडा स्कुल अफ म्यानेजमेन्टले ७ विद्यार्थीलाई सम्मान गरेको छ । म्यानेजमेन्टले कक्षा-११ र १२ अध्ययन पूरा गरी चिकित्साशास्त्र अध्ययन (एमबीबीएस) को प्रवेश परीक्षामा पूर्ण छात्रवृत्तिमा अध्ययन गर्ने गरी नाम निकाल्न सफल ७ विद्यार्थीलाई नगदसहित सम्मान गरेको हो ।

एमबीबीएसको प्रवेश परीक्षामा पूर्ण छात्रवृत्तिमा अध्ययन गर्ने गरी नाम निकाल्न सफल हुनेमा मोहम्मद अकिब आलम, अनुप सुबेदी, सञ्जीव राय, श्रीराम पौडेल, साना खातुन, रिकेशकुमार पण्डित र निशाकुमारी चौधरी छन् । सहायक प्रिन्सिपल रामपण्डित खनाल, विज्ञान संकाय संयोजक भोलानाथ गौतमलगायतले विद्यार्थीलाई जनही ५० हजार रुपियाँसहित सम्मान गरे ।

# 'झोला'मै थन्किएका १३ सहकारीलाई कारबाही गरिने

साझाकुरा संवाददाता

हेटौंडा, ३१ साउन/ हेटौंडा उपमहानगरपालिकाभित्र कार्यक्षेत्र भएर पनि कार्यालय सञ्चालन नगरी झोलाभित्रै थन्किएका सहकारीहरुलाई कारबाही गर्ने तयारी अघि बढेको छ ।

सर्वसाधारणको लाखौं रकम उठाएर कार्यालयसमेत नराखी सञ्चालन हुँदै आएका वा अस्तित्वमै नभएका करिब १३ वटा सहकारीलाई हेटौंडा उपमहानगरले खारेजीको प्रक्रियामा लाने भएको छ । उपमहानगरका उद्योग, सहकारी, पर्यटन शाखा प्रमुख हिमप्रसाद पौडेलका अनुसार नगरभित्रका अस्तित्वमै नरहेका सहकारीहरुलाई कारबाही गरिने बताए । हेटौंडाका करिब १३ वटा सहकारीको कार्यालय, उनीहरुको कारोबार, सर्वसाधारणको लगानी सुरक्षाको कुनै जानकारी नभएपछि उपमहानगरले खोजी अघि बढाएको छ । करिब एक वर्ष अघिदेखि नै सहकारी दर्ता गर्ने व्यक्तिको झोलामा थन्किएको र झोलाबाटै चलेका सहकारीको खोजी उपमहानगरले गरेको थियो ।

उपमहानगरले कारबाही प्रक्रिया अगाडि बढाउने भएपछि मंगलबार हेटौंडाकै एक सहकारी कार्यालयको सम्पर्कमा आएको छ । उक्त सहकारीलाई सचेत गराइएको पौडेलले जानकारी दिए । हेटौंडा-१ मा दर्ता भएको नारी बचत तथा ऋण सहकारी, २ नम्बर वडाको जलजला जडिबुटी सहकारी, ३ नम्बर




वडाको सुखी भविष्य बचत तथा ऋण सहकारी, ४ नम्बर वडाको जय कालिका बचत तथा ऋण सहकारी, नागरिक बचत, कान्तिपुर बचत र स्वतिक बचत तथा ऋण सहकारी, ७ नम्बर वडाको महालक्ष्मी कृषि सहकारी, ११ नम्बर वडाको महिला घरेलु सामान उत्पादन तथा बिक्री वितरण सहकारीको अत्तोपत्तो नरहेको कार्यालयले जनाएको छ ।

यसैगरी, १३ नम्बर वडाको नमोबुद्ध बचत तथा ऋण सहकारी, १६ नम्बर वडाको जुरेथुम कृषि सहकारी संस्था र १८ नम्बर वडाको आँपखोला दुग्ध उत्पादक सहकारी तथा रामधुनी महिला दुग्ध उत्पादक सहकारीलाई उपमहानगरले हालसम्म फेला पार्न सकेको छैन । यी सहकारीहरुको आर्थिक कारोबारमाथि कार्यालयले आशंका गरेको छ । पौडेलले कार्यालयको सहकारी शाखा सम्हालेपछि अव्यवस्थित, अनियमिता गरेका र झोलाबाट चलेका सहकारीहरुलाई कारबाही सुरु भएको हो । यसअघि सहकारीहरुले मनलाग्दी गर्दासमेत कार्यालय बेखबर थियो ।

संघीय सरकार मातहतको तत्कालीन डिभिजन सहकारी कार्यालय मकवानपुरमा दर्ता भई हेटौंडा उपमहानगरभित्र सञ्चालनमा रहेका सहकारीको अनुगमन गर्ने क्रममा १३ सहकारी संस्था गायब रहेका पाइएको हो । उपमहानगरभित्र २ सय २२ सहकारी संस्था छन् । तत्कालीन डिभिजन सहकारीबाट संघीयता स्थापनासँगै २०७४ सालमा हेटौंडा उपमहानगर पालिकालाई जिम्मेवारी हस्तान्तरण भएको थियो । सहकारी संस्थाले वार्षिक लेखा परीक्षण, साधारणसभालगायत अन्य अतिआवश्यक कामहरु समेत नगरेको पौडेलले जानकारी दिए ।



साझाकुरा

## हाम्रो कुरा

# कपडा बैंक व्यवस्थित बनाऊ

तीन वर्षअघि देशका मुख्य शहरका चोक र गल्लीमा कपडा बैंक स्थापनाले व्यापकता पायो । २०७६ साउनमा काठमाडौंको अनामनगरमा हन्ड्रेड्स ग्रुपले सुरु गरेको कपडा बैंक देशव्यापी बनेको थियो । जोकोही मानिसले आफूलाई आवश्यक नभएका नयाँ तथा पुराना लुगा, झोला, जुत्ताचप्पल, भाँडाकुँडालगायत सामान ल्याएर राख्न सक्ने र आवश्यक हुनेहरुले नि:शुल्क लैजान मिल्ने गरी राखिएको स्टललाई कपडा बैंकको नाम दिइएको हो । अन्य मुलुकमा पहिलेदेखि नै प्रचलनमा आएको यस्तो अभियान नेपालमा भने ढिलो सुरु भएको हो । सञ्चार माध्यम र सामाजिक सञ्जालमा यस्तो अभियानको चर्चा भएपछि कपडा बैंक स्थापना गर्ने कार्यले व्यापकता पायो । सामाजिक सञ्जालका समूह, संघसंस्थामात्र नभई राजनीतिक दलका भातृसंगठनहरु पनि अभियानमा सक्रिय बने ।

हेटौंडाको हुप्रचौरमा पहिलो कपडा तथा जुत्ता बैंक खुल्यो । त्योसंगै हेटौंडामा आधा दर्जनभन्दा बढी कपडा बैंक सञ्चालनमा आयो । हेटौंडा-४ को सुमार्गी कम्प्लेक्स, हेटौंडा-१० को बसपार्क, हेटौंडा-५ को सानोपोखरा, हेटौंडा-१ को चौकीटोल ओरालोमा कपडा बैंकको सुरुवात गरियो । नेपाली काँग्रेसको भ्रातृ संगठन नेपाल तरुण दल हेटौंडा नगर समिति, लायन्स क्लबलगायतले यसको नेतृत्व गरेका थिए । नवीनतम् सोच र उत्कृष्ट सामाजिक कार्यको एउटा नमूना बन्दै गएको कपडा बैंक छोटो समयमा देशव्यापी बन्नुलाई सकारात्मक मान्नुपर्छ । तर, पछिल्लो समय यसको प्रभावकारी सञ्चालन हुन नसकेको देखिएको छ ।

विभिन्न प्राकृतिक प्रकोपबाट पीडित भएका तथा गरिब, निमुखाहरुले यसबाट लाभ लिन सक्छन् । बैंकमा कपडा धेरै भएमा विपन्न परिवार तथा पीडितसमक्ष कपडा पुऱ्याउन सकिन्छ । शहरका धनाढ्यहरुलाई पुरानो फेसन भएर वा आवश्यक नभएर त्यसै बसेका कपडा, जुत्ता, झोला आदि यस्ता बैंकलाई उपलब्ध गराउन कुनै समस्या हुँदैन । अझ कतिपयले त नयाँ किनेरै सहयोग गर्न सक्छन् । यस्तै, व्यवसायीले आफ्नो पसलमा नबिकेर स्टक बसेका सामग्रीहरु पनि यस्ता बैंकलाई उपलब्ध गराउन सक्छन् । जोकोहीले कपडा ल्याएर राख्न सक्ने र आवश्यकता भएकाहरुले लैजान सक्ने भएकाले यो अभियानले आर्थिक अवस्था कमजोर भएका मानिसलाई सहयोग गर्ने निश्चित छ । त्यसैले यो अभियानलाई अझ व्यवस्थित बनाउन हिजो स्थापना गर्ने संघसंस्थाहरुले पनि चासो दिने र सहयोगी हातहरुले पनि सहयोग बढाउन सके नजिकिँदै गरेको चाडपर्व, जाडो महिनामा किनेर लगाउन नसक्नेहरुलाई ठूलो सहयोग मिल्थ्यो कि ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ भदौ ०२ गते बिहीबार १८ अगष्ट २०२२ । भाद्र कृष्णपक्ष सप्तमी । गुँलागा ११४२ । सूर्योदय: ५:३६, सूर्यास्त: ६:३७ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : शत्रु नाश | तुला | : स्थानान्तरण हुनसक्ने |
| वृष | : परिवारमा कलह | वृश्चिक | : दुस्चिन्ताले पिरोल्ने |
| मिथुन | : रोग नाश | धनु | : यात्रामा भयले सताउने |
| कर्कट | : कार्यमा बाधा | मकर | : उपचार खर्च वृद्धि हुने |
| सिंह | : आकस्मिक लाभ हुने | कुम्भ | : मानसम्मान मिल्ने |
| कन्या | : अर्थहानि हुने | मीन | : बादविवाद बढ्ने |

# राष्ट्रपतिले किन राष्ट्रमाथि घात गर्ने ?



डा. बद्रीप्रकाश ओझा

फुलब्राइट छात्रवृत्तिमा अमेरिकाबाट आमसञ्चारमा विद्यावारिधि गरेका एकजना नेपाली विद्वानले जानकारी दिएका थिए, 'लन्डन स्कुल अफ इकोनोमिक्सले प्रकाशित गरेको एउटा जर्नलमा बाइसौं शताब्दीमा नेपाल विश्वको धनी र शक्तिशाली मुलुक बन्छ भन्ने उल्लेख छ ।' मैले सोधुँला मौका मिलेन । यस्तो कुरा इन्टरनेटमा भेटिएला भन्दा भन्दै ती मानिस चीन पुगे, उतै पढाउन थाले । मैले त्यो विषय सोध्न पाइँन तर मलाई तिनले गलत कुरा गरेका होइनन् जस्तै लाग्छ । तर मैले उक्त जर्नल आजसम्म पढ्न भने पाएको छैन ।

अब यतैका कुरा गरौं । अन्तत: नेपालका राष्ट्रपतिबाट संसद्को दुवै सदनबाट पारित नागरिकता विधेयक संसद्मा फिर्ता भएको छ । यो राम्रो कदम हो । यस विधेयकले विधिवत रुपमै नेपाललाई सिक्किमीकरणको सुरुवात गरेको थियो । खै के कारणले हो, सत्तामा रहेका दलहरुले यस विधेयकलाई पारित गरे, त्यो त भविष्यमा जानकारीमा आउला तर अहिलेका लागि सार्वभौम संसद्बाट पारित भएको एउटा गलत दस्तावेज हो ।

हो, दोस्रो पटक पनि संसद्ले हुबहु पारित गरी पठाएमा संवैधानिक वाध्यताका आधारमा राष्ट्रपतिबाट स्वीकृत गर्नैपर्दछ तर यस अवस्थामा राष्ट्रपतिले विधेयक स्वीकृतभन्दा राजीनामाको बाटो लिनु उपयुक्त हुनेछ ।

***यसबाट ककसलाई हुन्छ फाइदा ?***

पहिलो फाइदा होला एमालेलाई । त्यो उसको कुरा हो तर त्योभन्दा बढी राष्ट्रलाई लाभ हुन्छ । कमसेकम देश सिक्किमीकरणबाट बच्छ । कसरी भन्दा त, यदि राष्ट्रपतिले विधेयक स्वीकृत नगरी राजीनामा दिएमा संसद्ले नयाँ राष्ट्रपतिको चुनाव गर्नुपर्दछ अथवा उपराष्ट्रपतिमार्फत् विधेयक स्वीकृत गर्ने प्रयास पनि होला । तर राष्ट्रपतिको पद खाली रहँदा संवैधानिक संकट आउने हुनाले पार्टीहरु राष्ट्रपतिको निर्वाचनतर्फ लाग्नैपर्ने हुन्छ ।

आखिर वर्तमान राष्ट्रपति संसदीय चुनावपछि लामो समय पदमा रहन सक्ने संवैधानिक व्यवस्था छैन । राष्ट्रपतिको अवधि पनि सरकार गठनसँगै सकिने भएकाले चुनाव त हुन्छ नै । नेपालको संविधान २०७२ को धारा ६४ को उपधारा २ मा यस्तो व्यवस्था छ: उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दुई पटक राष्ट्रपति निर्वाचित भइसकेको व्यक्ति राष्ट्रपतिको निर्वाचनमा उम्मेदवार हुन सक्ने छैन ।

यसको अर्थ वर्तमान राष्ट्रपति पदमा दोहोरिने कानुनी व्यवस्था नै देखिँदैन । कथम्कदाचित एमाले बहुमतमा नआए राष्ट्रपतिको पद वर्तमान गठबन्धनमा जान्छ । अनि मात्र तीन महिना पदमा रहनका लागि राष्ट्रपतिले किन राष्ट्रमाथि घात गर्ने ? त्यसैले पनि राष्ट्रपतिले पद छोडेर बस्नु अहिलेको आवश्यकता हो । आखिर वर्तमान राष्ट्रपति दुई पटक उक्त पदमा निर्वाचित भैसकेकाले जाँदा जाँदै किन राष्ट्रघात गरेर जाने भन्ने प्रश्न उठेको छ ।

निर्वाचन र पदावधिको व्यवस्था उपराष्ट्रपतिको हकमा पनि उस्तै व्यवस्था छ तर संविधानको धारा ६७ को उपधारा २ ले राष्ट्रपतिको अनुपस्थितिमा राष्ट्रपतिबाट गरिने कार्यहरू उपराष्ट्रपतिबाट सम्पादन गरिनेछ भन्ने व्यवस्था गरिएकाले उपराष्ट्रपतिमाथि विधेयक स्वीकृत गर्ने दबाब बढ्छ । यदि राष्ट्रपतिले यही नागरिकता विधेयकलाई स्वीकृत गर्नुभन्दा पद छोड्न तयार भए राष्ट्रवादीहरुको आवाज बलियो बन्दछ । यस आवाजले पदबाट विदा हुँदै गरेका उपराष्ट्रपतिमाथि पनि दबाब बढ्छ । यसलाई टार्न गठबन्धनले वाध्य भएर विधेयक विचाराधीन अवस्थामा राख्नु पर्दछ । उक्त कदम राष्ट्रका लागि दीर्घकालीन लाभदायक बन्दछ । भोलि बन्ने संसद्ले अघिल्लो संसद्ले पारित गरेको नागरिकता विधेयकमाथि पुनर्विचार गर्दछ । त्यो कुरा त्यति बेलाका लागि कठिन कदम बन्नेछ ।

***यस्तै भएको थियो, अमेरिकी संविधानमा***

अहिलेको विश्वमा सबैभन्दा पूरानो तथा हालसम्म सक्रिय र विश्मै कहलिएको संविधानका रुपमा लिइन्छ, अमेरिकी संविधान । सन् १७७८ मा लेखिएको यो दस्तावेज विश्वकै छोटो संविधान हो । यसमा जम्मा ४,५४३ शब्द मात्र छन् । यस संविधानलाई सन् १७९१ मा गरिएको संशोधनमा २३ बुँदा कँग्रेसले पारित गरे पनि राष्ट्रपतिले मात्र १७ बुँदामात्र पारित गरे । तीमध्येको एक हो, बिल आफ राइट ।

आज अमेरिकालाई आफ्ना नागरिकलाई स्वतन्त्रता प्रदान गर्ने विश्वकै अग्रणी मुलुकका रुपमा प्रस्तुत गर्ने विधेयक नै बिल अफ राइट हो । यसले म्याग्ना काटदिखि बेलायतमा प्रदान गरिएका सबै नागरिक अधिकार अमेरिकी नागरिकलाई प्रदान गर्यो । यसमा प्रमुख रुपमा नागरिकलाई वाक तथा अभिव्यक्ति स्वतन्त्रता, प्रेससम्बन्धि स्वतन्त्रता, धर्म छान्ने स्वतन्त्रता आदि मुलभूत नागरिक स्वतन्त्रता प्रदान गर्यो । त्यसपछि विश्वमा बनेका अधिकांश संविधानले अमेरिकाको संविधानलाई मार्गदर्शनका रुपमा लिन्छन् ।

स्वतन्त्रताको स्वाद कस्तो हुन्छ भन्ने कुरो अमेरिका र कतारको प्रतिव्यक्ति आयको तुलना गरौं । कतार अहिले विश्वको सबैभन्दा धनी मुलुक हो । उसको प्रतिव्यक्ति आय एक लाख २७ हजार अमेरिकी डलर छ । उता अमेरिकाको प्रतिव्यक्ति आय मात्र साढे ५४ हजार अमेरिकी डलर छ । करिव करिव तीन गुणा बढी नै कतारको प्रतिव्यक्ति आय भए पनि वाध्यतामा बाहेक हामी कतार जान चाहँदैनौं । यसको एक मात्र कारण अमेरिकामा प्राप्त सबै किसिमका अधिकार नै हुन् ।

यस्ता केही उदाहरणबाट हामी राष्ट्रप्रमुखले कुनै पनि विषयमा राष्ट्रको हितका पक्षमा कदम चाले यसले दूरगामी असर पार्दछ भन्न सकिन्छ । यदि सन् १७९१ को संविधान संशोधनमा तत्कालीन अमेरिकी राष्ट्रपतिले स्वीकृति प्रदान नगरेको भए अमेरिका आजको अमेरिका नै हुने थियो भन्न सकिँदैन । ठिक उल्टो नेपालमा ल्याइएको नागरिकता विधेयकलाई राष्ट्रपति तथा उपराष्ट्रपतिले अस्वीकार गरेर नेपालमा बिल आफ राइट स्थापित गर्नुपर्दछ अथवा नेपालीको स्वाधीनताको अधिकार स्थापित गर्नुपर्दछ । राष्ट्रपतिले विधेयकलाई संसदमा फिर्ता पठाउँदा राखेका नौवटा प्रश्नहरुमध्ये पाँचौ प्रश्न संसदीय समितिको प्रभावकारितासँग सम्बन्धित छ । २०७५ सालमा संसद्को राज्यव्यवस्था तथा सुशासन समितिले २२ महिना समय खर्चेर गरेको प्रस्तावित विधेयकमा गरेको व्यवस्थालाई वर्तमान सरकारले फिर्ता लिई यस्तो गम्भीर विषयमा संसदमा छलफल नै नगरी सरासर पारित गर्नु गम्भीर विषय हो । यसले सरकारले संस्दीय समितिका निर्णयलाई बेवास्ता गरेको अर्थ किन लाग्दैन ?

भोलि कसैले समितिले खर्च गरेको त्यो २२ महिनाको समय र भएको खर्चको हिसाब मागे सरकारले के उत्तर दिन्छ ? अनि एउटै संसद्को एकै कार्यकालमा भएका कामलाई सोही कार्यकालमा सोही संसद्ले बेवास्ता गरी पहिले गरिएको निर्णयलाई अर्को निर्णय गरी नसच्याई जबरजस्ती पारित गर्न मिल्छ त ? कि त फेरि सोही समितिमा पठाएर फेरि अर्को केही समय अध्ययन र छलफल गरी उपयुक्त व्यवस्था गर्नुपर्दछ । खोइ त त्यसो गरेको ?

आजैका लागि राजनीतिक नाफामात्र हेर्ने कि भविष्यमा देश र जनताको जीवनमा कस्तो असर पर्दछ भन्नेबारे संवैधानिक अंगहरुबाट मनन् गरिनुपर्दछ भन्ने पनि अर्को विषय हो । हतारमा काम गरेर फुर्सदमा पछुताउनु हुँदैन । त्यसैले जो कोही मुलुकबासीले उक्त मुलुकको नागरिकको हैसियत प्राप्त गर्न कमसेकम उसले आफू बसेको देशबारे सामान्य जानकारी लिनै पर्दछ । विदेशमा पनि नागरिकता प्रदान गर्नुअघि परीक्षा लिइन्छ र एक निश्चित प्रतिशत अंक प्राप्त गरेमात्र नागरिकता दिइन्छ ।

बरु अन्य मुलुकबाट नेपाल प्रवेश गरेका र नागरिकता प्रदान गर्नुपर्ने शर्त पूरा नभएका देशबासीका लागि स्थायी बसोबास, सम्पत्ती आर्जनलगायतका राज्यबाट प्राप्त हुनुपर्ने सबै सुविधा प्रदान गर्न छुट्टै कानुनको व्यवस्था गर्न सकिन्छ ।

त्यसैले राष्ट्रपति तथा उपराष्ट्रपतिले देशको भविष्यलाई हेरेर नागरिकता विधेयक पारित गर्नुभन्दा पद नै त्याग गर्नुपर्दछ । जाँदाजाँदै, पूर्व प्रधानन्यायाधीश शुशिला कार्कीले झैं देशका पक्षमा कदम चाले वर्तमान राष्ट्रपति तथा उपराष्ट्रपतिलाई नेपालीले सदाका लागि गुणी सम्झिनेछन् । यसो गरे लन्डन स्कुल अफ इकोनोमिक्सको जर्नलमा उल्लेख भएजस्तै भोलिको नेपाल विश्वको शक्तिशाली मुलुक बन्नेछ । यसको श्रेय वर्तमान राष्ट्रपति तथा उपराष्ट्रपतिले प्राप्त गर्नेछन् ।

*-साभार: रातोपाटी*

# चुनाव आउँदैछ भ्रष्टाचारीहरूलाई भोट नदिऔं



सुशीला कार्की

प्रजातन्त्र भनौं या लोकतन्त्र, यो व्यवस्था फस्टाउने मूल कडी नै स्वच्छ, स्वतन्त्र, भयरहित निर्वाचन हो । मतदाताले अक्षम दल वा तिनका अकर्मण्य, भ्रष्ट, घमण्डी, दम्भी नेताहरूलाई हराएर दण्डित गर्ने अवसर पनि निर्वाचनकै बेला मिल्छ । लोकतन्त्रको सौन्दर्य भनेकै पाँच वर्षे चुनावकै बेला त्यस्ता पात्र र दलहरूसँग बदला लिनु हो । त्यो अवसर नागरिकले प्रयोग गर्नुपर्छ, अन्यथा अयोग्यहरूबाटै शासित हुनुपर्छ । लोकतन्त्र संसारभरि प्रख्यात भएको शासन पद्धति हो । हुन त, संसारमा लोकतन्त्रको नाममा निरंकुश शासनतन्त्र पनि शासकहरूले चलाएका उदाहरण छन् । तर लोकतन्त्रमा जति जति निर्वाचन हुँदै जान्छ, त्यति-त्यति व्यवस्था र शासन पद्धति सुदृढ र परिष्कृत हुँदै जाने गरेको पाइएको छ ।

हामी छिमेकी मुलुक भारतको उदाहरण लिन सक्छौं, जहाँ कुनै समयको शक्तिशाली दल कांग्रेस आज कहाँ पुग्यो ? अब त्यो दल सरकार बनाउने गरी मतदाताले मत नदिएपछि असफल हुँदै गएको छ । त्यहाँ केही समयदेखि भारतीय जनता पार्टीको सरकार कायम छ । कुनै समयमा भारतीय जनता पार्टी, जब जनसंघ दल थियो । त्यसमा पनि उसले जम्मा चार सिट ल्याएको थियो । कुनै बेला अटलबिहारी बाजपेयी जस्ता नेताले समेत हार बेहोर्नु परेको दृष्टान्त छ ।

बेलायतमा पनि कहिले कन्जरभेटिभ दल र कहिले लेबर दल सत्तामा पुग्छन् भने अमेरिकामा पनि कहिले रिपब्लिकन र कहिले डेमोक्र्याट सत्तामा पुग्ने गरेका छन् । नेपालमा २००७ र २०४६ सालमा प्रजातन्त्रको बहाली पटक पटक हुँदै जाने र पुन: अपहरण भएको दृष्टान्त छ । २०४६ पछि प्रजातान्त्रिक व्यवस्थालाई जसरी सुदृढ बनाउँदै लानुपर्ने थियो, ती प्रयास दलहरूबाट पनि भएको पाइँदैन ।

लोकतन्त्रमा लोकको शासन हुन्छ । माफिया, मवाली, तस्कर, बिचौलिया र भष्टाचारीहरू हाबी भएको शासन हुँदैन । लोकन्त्रमा सत्तामा आसीन भएपछि नेताहरूमा लुटको प्रवृत्ति पनि रहनु हुँदैन । मुलुकमा खडा हुने प्रत्येक दलका सिद्धान्त हुन्छन् र कमबेसी गरी सबै दलले आधुनिक युगमा राम्रै सिद्धान्तलाई अँगालेका हुन्छन् । दलभित्र पनि नेताहरूको पद र तह हुन्छ, अनुशासन हुन्छ, जसको पालना र आदर दलभित्र अनिवार्यत: हुनै पर्छ । धेरै चप्पल फटाएपछि मात्र एउटा साधरण कार्यकर्ता उपल्लो तहको नेता बन्रुन सफल भएका हुन्छन् । विद्वता र योग्यता भएका नौजवान कार्यकर्ता छिट्टै माथिल्लो तहको नेता बन्रुन सफल भएको संसारमा उदाहरण छ । नेपालमा पनि २०४६ अघि प्रतिबन्धित अवस्थामा दलहरूले आफ्ना कार्यकर्ताहरूलाई दलीय सिद्धान्त र आचरणबारे बराबर प्रशिक्षण दिने गरेका थिए । उनीहरू पार्टीको नीति, सिद्धान्त, राजनीतिक वस्तुस्थितिप्रति अधिक जानकार हुन्थे । पार्टीमा आदर्शका नैतिकताका विषयमा बहस हुन्थ्यो । यतिखेर त्यस्तो दृश्य बिरलै देखापर्छ । यहाँसम्म कि दलीय कार्यकर्ताहरू भाडाका सेना जस्ता भनी धेरैले आलोचना गरेको पाइएको छ ।

२०४६ पछिको शासनकालमा अधिकांश नेताहरू सत्ताधारी दलका हुन् वा प्रतिपक्षका हुन् सत्तामा आसीन भएपछि कमाउनै पर्छ भन्ने अवधारणा रहेको पाइएको छ । पैसा छरेर निर्वाचन जित्ने अनि जितेपछि व्यापारीले जस्तो साँवा, व्याज, मुनाफा मरीकुच्चै आफ्ना तीन पुस्ताको भविष्यका निम्ति कमाउने प्रवृत्ति बढ्दै धारणा सर्वत्र पाइन्छ । आजभोलि दलभित्र बसेर जसले कुम्ल्याउन सक्दैन, जो आदर्शवादी बन्न चाहन्छ, ऊ दलभित्रै टिक्न पनि नसक्ने वातावरण देखिएको छ । मुलुकमा भ्रष्टाचार यति व्यापक छ कि वन, जंगल, माटो, जल, डाँडा भाटा, मन्दिर, मठ, सबै बिकेका छन् । राजधानी आसपासका डाँडाहरू सम्मिएका छन् । खुर्किएका छन्, प्लटिङ भएका छन् । त्यसको इजाजत सत्ताधारीहरूमध्येका बाहुबलीहरूको मिलोमतोविना सम्भव छैन, यो सबैले बुझेको कुरा हो ।

प्रकृतिविरुद्ध भइरहेका यस्ता भयावह प्रहारले भोलिका दिनहरूमा कुन किसिमको अनिष्ट निम्त्याउँछ, तस्बिर डरलाग्दो छ । मानव बस्तीमाथि कति क्षति पुऱ्याउने हो, त्यो थाहा छैन । मूर्धन्य नेताहरूलाई मनग्य भेटीको थैली जसले चढाउन सकेका हुन्छन्, तिनका चरित्र र उद्देश्य जे-जस्ता हुन् तिनै भित्रिया भइदिएका छन् । यस प्रकृतिको शासन-शैलीले नेता हुनेहरू तिनको परिवारलाई आवाद गरे पनि मुलुकको विकास असम्भव भएको कारण भने यही नै हो । भ्रष्टाचारको नियत र नीति मौजुदा रहे-भएको कारण नै त्यसै मनसालाई आवाद गर्नलाई नेताहरूले आफ्ना वरिपरिका सरकारी संयन्त्रहरूमा आफ्ना गठमेलका मानिसहरू राखेर कारबाहीबाट मुक्त हुने र शासन आफूखुसी चलाउने प्रवृत्ति देखिएको छ । यस प्रवृत्तिबाट न त जनताको हित हुन्छ, न त राष्ट्रलाई नै फाइदा हुन सम्भव छ ।

बहुदल प्राप्तिदेखि हालसम्म मुलुकले विकास गर्न नसकेको कारण पनि यही हो । कुनै पनि मुलुकमा विकास गराउने जिम्मेदारी जनताको हकमा पनि केही अंश त रहेकै हुन्छ । नेपालमा निरंकुशतन्त्रविरुद्ध जनता लडेका हुन् । शहादत प्राप्ति पनि बेला बेलामा जनताका छोरा छोरीहरूले नै पाएका हुन् । तर व्यवहारमा के देखिएको छ भने जब सत्तामा पुगेर शासन गर्ने बखत हुन्छ, जहिले पनि विचलन, अनावश्यक विवाद र बहुमत प्राप्त एकमना सरकार समेत पूर्ण अवधिसम्म कायम नहुने जस्ता प्रवृत्ति देखिएका छन् । सत्तामा पुग्नेबित्तिकै मुलुकको मठाधीश मै हुँ र सबै मप्रति झुक्नुपर्छ र मैले बोलेको कुरा नै रामवाण हुन् भन्ने प्रवृत्ति सत्ताधारीमा रहनु हुँदैन । दलीय शासनमा दलभित्रका नेता-कार्यकर्ता त के विपक्षीहरूलाई पनि सँगै हाँकेर लिएर जानुमै भलो हुन्छ । विगत ७० वर्षदेखि नेपालमा कोरा राजनीति मात्र देखिएको छ । तेज रफ्तारको विकास जसरी छिमेकी मुलुकले गर्न सकेका छन्, त्यो आजसम्म हामीले गर्न सकेका छैनौं ।

नेपालमा दलीय पद्धतिलाई यति धेरै संकुचनको साथ चलाएको देखिएको छ, मानौं एक दलको शासन भएपछि अर्को दल पक्षधर नेता, कार्यकर्ता, समर्थक जनताको कुनै मूल्य र मान्यता नै रहँदैन । वस्तुत: दलीय पद्धतिको शासनमा पक्ष-विपक्ष दलहरूको खेमाबीच निर्वाचन हुँदासम्म पक्ष-विपक्षको अवधारणाको विभाजन मतदाताबीच हुने हो । निर्वाचनपछि गठित सरकार सबै जनताको सरकार हुन्छ र सबै जनता सरकारको जनता हुनेछ ।

निर्वाचन समाप्त भएपछि यो दल वा ऊ दल भनी पंक्तिभेद गर्ने प्रश्न नै उठ्दैन । तर नेपालमा विपक्षी दलको मतदाताको बाहुल्य भएको क्षेत्रलाई सत्ताधारीले हेला-होचो गर्ने प्रवृत्ति छ । सुविधा प्रदान गर्ने कुरामा सौतेनी व्यवहार देखाउने गरिन्छ । यस्तो व्यवहार सबै दलले सबै दलविरुद्ध अवसर पाउँदा देखाएकै छन् । अझ बढी मन्त्री र ताकतवर नेताहरूले पुन: सजिलैसँग आफू निर्वाचित हुन विकासको बजेट जति लाजै नमानी आफ्ना क्षेत्रमा मात्र खन्याएको पनि देखिएको छ । बहुदलीय व्यवस्थामा जनताको हक-हितमा काम गर्ने दललाई जनताले पहिचान गरी मत दिने गरेका हुन्छन् । यसै क्रममा जनताप्रति समर्पित भई लोकप्रियता पाउने कुनै पनि दलले निर्वाचनद्वारा सत्तामा बहाल हुन सक्नेछ । यसको निम्ति रक्तपातद्वारा तख्ता पल्टाउने र व्यवस्थाविरुद्ध गएर सत्ताच्युत गर्ने आवश्यकता परिरहँदैन ।बहुदलीय व्यवस्थामा हुने गरेको बारम्बारको निर्वाचनले जनतालाई चेतनशील र सक्रिय पनि बनाउने गरेको हुन्छ । भारतमा रेलको डिब्बामा बसी यात्रा गर्दा देखिएका वा भेटिएका त्यहाँको भारतीय यात्रीमा राजनीतिमा रहेको तिनको ज्ञान र तिनको बहस गराइको क्षमताबाटै बुझ्रुन सकिन्छ । साधारणभन्दा साधारण मानिसमा पनि राजनीति बुझ्रुने र सम्झिने क्षमताको विकास भएको देखिएको छ ।

नेपालमा पनि आमनागरिकमा क्रमश: राजनीतिक सुझबुझको विकास हुँदै गएको भए तापनि नेपालमा मुलुकको आर्थिक विकास नभएको कारण चरम भ्रष्टाचार नै हो । पैसा बाँडेर मागिने मत, पैसा लिएर दिने मत, जब मतको किनबेच हुन्छ भने त्यो भन्दा ठूलो भष्टाचार नै अरु के हुन्छ र ? भारतमा हुने गरेको निर्वाचनमा पनि कुनै कुनै राज्यमा ठूलो मतको लुटपाट र किनबेच हुने गरेकामा प्रमुख निर्वाचन आयुक्त टीएन शेषनको पालामा कठोर नियमको पालना गरी त्यसलाई नियन्त्रण गरेका थिए ।

नेपालमा अर्को त्रुटि के पनि देखिएको छ भने आममानिसमा राजनीतिबाट नै सबै कुरा हुनसक्छ भन्ने हरेकमा धारणा रहेको पाइन्छ । अर्को कुरा राजनीतिलाई कमाउने भाडाका रुपमा हेरिन्छ । वास्तवमा राजनीति एक प्रकारले मुलुकको र समाजको पूर्णत: सेवा हो । यो एउटा साधन हो जसको माध्यमबाट मुलुकको सञ्चालन गरिन्छ, यो साध्य होइन । राजनीति गरेपछि आर्यघाट पुग्दासम्मै गर्नुपर्ने, अरुले पालो नै नपाउने, उच्चस्तरीय जीवनवृत्ति आफू र आफ्नो तीन पुस्ताका रोजगारी र आयको स्रोत त्यसैलाई पेसाका रूपमा बनाउने अवधारणा राख्नु स्वयं लोकतान्त्रिक चरित्र हो र ? नेपालमा यही सोच भएसम्मका नेताहरूमा देखिएको छ ।

अरु मुलुकमा नेताहरूका विशेषत: आफू राजनीतिमा नभएका बखत खर्च चलाउने आम्दानीका स्रोत वा रोजगारी हुने गरेका छन् । राजनीतिबाट बाहिरिएपछि काम गर्ने गरेको पाइएको छ । तर, नेपालमा दृश्य अलि फरक छ । नेता-कार्यकर्ता राजनीतिसँगै अथाह कमाइरहेका हुन्छन् । निर्वाचित पदबाट बाहिरिएपछि पनि राजनीतिमै अल्झिएको पाइन्छ । प्रशस्त जग्गा-जमिन र आयस्ता भएका मानिसहरू कृषि र अन्य पेसा छाडी राजनीतिमा व्यर्थको समय बिताएको देखिएको छ । कतिपय शक्ति प्राप्तिका निम्ति राजनीतिमा लागेका छन् । राजनीतिमा लाग्दा सब कुरा पाइन्छ भन्रुने भ्रममा परेर व्यर्थको समय खेर फाल्दा कतिपय पाउनुभन्दा बढी गुमाएका पनि छन् ।

-बाँकी ३ पेजमा....

# ‘डर्टी पिक्चर’को सिक्वेल बनाउने तयारीमा एकता



काठमाडौँ/ ११ वर्षअघिको सुपरहिट फिल्म ‘डर्टी पिक्चर’को सिक्वेल बन्ने भएको छ । महिला केन्द्रित र महिला नै मुख्य भूमिका भएको फिल्म दर्शकले हेर्दैनन् भन्ने मान्यता रहेका बेला विद्या बालन अभीनित यो फिल्मले ८० करोड नेट कमाइ गरेको थियो । यसको ११ वर्षपछि बालाजी फिल्मले यसको सिक्वेल बनाउने तयारी थालेको समाचार छ । समाचार अनुसार लेखक कनिका ढिल्लोनले अहिले यो फिल्मको कथा लेखिरहेकी छिन् । उनले ‘मनमर्जियाँ’, ‘हसिन दिलरुबा’, ‘रश्मिरकेट’ आदि फिल्म लेखेकी छिन् । एकताले फिल्म बनाउने तयारी गरेसँगै हिरोइनहरू यो फिल्म खेल्ने इच्छासहित एकता कपुरको सम्पर्कमा पुगेको खबर छ । समाचारमा उल्लेख भएअनुसार दोस्रो भागमा काम गर्नलाई तापसी पन्नू र कृति सेननले इच्छा जाहेर गरिसकेका छन् । यता एकताले भने कंगना र नावतलाई यो फिल्ममा काम गर्न आग्रह गरेकी थिइन् । तर आफ्नो सदाचारी इमेजलाई असर गर्ने भन्दै कंगनाले सो फिल्म इन्कार गरेको खबर छ । मिलन लुथरियाले निर्देशन गरेको सो फिल्म दक्षिण भारतीय अभिनेत्री सिल्क स्मिताको जीवनीमा आधारित थियो । ‘सेक्स साइरन’नामले परिचित सिल्कले उमेर ढल्कँदै गएपछि एक्लो जीवन बिताउनु परेको थियो । विद्या बालनले जीवन्त बनाएको यो भूमिकाका लागि उनले राष्ट्रिय पुरस्कारसँगै अनेक अवार्ड जितेकी थिइन् ।

# विद्युत्का २७१ सेवाग्राही कालोसूचीमा




चितवन, ३१ साउन (रासस)/ नेपाल विद्युत् प्राधिकरण भरतपुर वितरण केन्द्रले २७१ सेवाग्राहीलाई कालोसूचीमा राखेको छ । विगत दुई वर्षदेखि विद्युत् महसुल नतिर्ने ती सेवाग्राहीलाई कालो सूचीमा राखिएको हो ।

उनीहरूबाट ७९ लाख ३९ हजार ६९० बक्यौता उठाउन बाँकी छ । केन्द्रका सूचना अधिकारी अच्युतराज विष्टका अनुसार छ महिनासम्म पनि महशुल नबुझाउनेको लाइन काट्नाका साथै कालोसूचीमा राख्ने गरिएको छ ।

कालोसूचीमा परेका ग्राहकलाई तीन पुस्तासम्म मिटर बक्ससहित विद्युत् उपलब्ध नगराउने गरी कारबाही गरिने उनले जानकारी दिए । कार्यालयका अनुसार केन्द्रमा हाल ६३ हजार ३५० सेवाग्राही रहेका र तिनबाट वार्षिक १८ करोड ८९ लाख १० हजार ८१५ युनिट विद्युत् खपत हुँदा वार्षिक एक अर्ब ९४ करोड ८१ लाख ८३ हजार महसुल उठेको छ ।

गत आर्थिक वर्षमा समयमा महसुल नतिर्ने एक हजार ७४६ सेवाग्राहीको लाइन काटिएको थियो । उनीहरूमध्ये एक हजार ५४५ सेवाग्राहीको लाइन पुन: जडान गरिएको र सय एक सेवाग्राही सम्पर्कमा नआएको उनले जानकारी दिए । लाइन काटिएका सेवाग्राहीबाट चार करोड ४३ लाख ६० हजार महसुल असूली गरिएको कार्यालयले जनाएको छ ।

## कांग्रेसमा १० महिला केन्द्रीय सदस्य मनोनीत

काठमाडौँ, ३१ साउन (रासस)/ नेपाली कांग्रेसले पार्टीका १० महिला नेत्रीलाई केन्द्रीय कार्यसमिति सदस्यमा मनोनीत गरेको छ । प्रधानमन्त्री एवं पार्टी सभापति शेरबहादुर देउवाले मंगलबर किरण यादव (महोत्तरी), राधा घले (काठमाडौँ), धना खतिवडा (ललितपुर), उर्मिला थपलिया (धादिङ), रुक्मीणी कोइराला (मोरङ), कल्याणी रिजाल (काठमाडौँ), गोमा भट्टराई (झापा), गङ्गा शाही (रुपन्देही), लक्ष्मी खतिवडा (सुनसरी) र सीता देवकोटा (नवलपुर) लाई केन्द्रीय सदस्यमा मनोनित गरेको हो ।

सभापति देउवाले उनहरूलाई पार्टीको विधानबमोजिम केन्द्रीय सदस्य पदमा मनोनयन गरेको मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए ।

# निर्वाचनलाई सुव्यवस्थित तुल्याउन तीव्र गृह कार्यमा छौँ: आयोग




काठमाडौँ, ३१ साउन (रासस)/ निर्वाचन आयोगले प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको आगामी मङ्सिर ४ गते हुने निर्वाचनलाई सुव्यवस्थित रुपले सम्पन्न गर्न निर्वाचन कार्यतालिका स्वीकृत गरी थप गृह कार्यलाई तीव्र तुल्याएको छ ।

सोही क्रममा आयोगले निर्वाचनका लागि आवश्यक पर्ने निर्देशिका, कार्यविधिको तर्जुमा र परिमार्जनको काम गरेको छ । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाकाअनुसार आयोगले यसबीचमा निर्वाचनमा भाग लिन चाहने राजनीतिक दल दर्ताका लागि आह्वान, आर्थिक व्यवस्थापन कार्यविधि र बजेट तर्जूमाको काम गरेको छ ।

मिति घोषणापछि तयारीका लागि आयोगलाई एक सय सात दिन समय उपलब्ध छ । निर्वाचनका लागि खर्च करिब १० अर्ब लाग्ने र कूल मतदाता संख्या करिब एक करोड ८२ लाख हुने आयोगको अनुमान छ । मतदाता नामावली अद्यावधिक कार्य प्रारम्भ, मतदानस्थलको पुनरावलोकन र समानुपातिकतर्फको निर्वाचन कार्यक्रम पनि स्वीकृत गरिसकेको छ ।

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, भयरहित र मितव्ययी बनाउने सन्दर्भमा आयोगले अन्तर्राष्ट्रिय संस्थालाई पर्यवेक्षणका लागि सूचना प्रकाशित गरी आह्वान समेत गरी सकेको छ । आगामी निर्वाचनमा करिब १० हजार आठ सय २५ मतदानस्थल र अस्थायीबाहेक करिब २२ हजार ५०० मतदानस्थल रहने छन् । बालिग मताधिकारको प्रयोग गर्ने सिलसिलामा आगामी निर्वाचनको अघिल्लो दिन १८ वर्ष उमेर पुगेका मतदातालाई मताधिकार हुनेछ । निर्वाचनलाई विश्वासनीय तुल्याउन मतगणनास्थलमा सिसीटीभीको जडान र अनुगमन कार्यको थालनी आयोगले यस अघिकै निर्वाचनबाट प्रारम्भ गरिसकेको छ ।

राष्ट्रिय मान्यता प्राप्त बाहेकका अन्य दललाई पनि सम्बन्धित दलकै निर्वाचन चिह्न प्रदान गरी आयोगले स्वावासी कमाइ सकेको छ । मतदाता शिक्षाको ढाँचा परिवर्तन गरी आयोगले डिजिटल माध्यममा जोड दिएको छ । आयोगले अघि सारेको मतदाता शिक्षा सम्वन्धी नीतिकाकारण प्रति मतदाता खर्चमा उल्लेख्य कटौति भएको छ । निर्वाचनमा मतदाताको सहभागिता बढाउन तथा बदरमत प्रतिशत घटाउन आयोगले विषय विज्ञ र राजनीतिक दलका प्रतिनिधिसँग निरन्तर सम्वाद गरी सुझाव कार्यान्वयन गर्दैआएको छ ।

निर्वाचनमा खटिने कर्मचारी, सुरक्षाकर्मी, कैदीबन्दी, स्वीकृती लिई सञ्चालनमा रहेका बृद्धाश्रममा रहेका मतदातालाई अस्थायी मतदाता सूचीमा समावेश गरी समानुपातिकतर्फ मताधिकारको व्यवस्था गर्ने आयोगको सोच रहेको बताइएको छ । निर्वाचनलाई स्वतन्त्र र स्वच्छ तुल्याउन आयोगले विभिन्न तहमा अनुगमन समयन्त्र मार्फत चुनावलाई भड्किलो र खर्चिलो हुनबाट रोक्न भगिरथ प्रयास गरिरहेको छ । निर्वाचनलाई प्रभाव पार्ने मिथ्या सूचना र दुष्प्रचारलाई रोक्न अनुगमनको प्रभावकारी समयन्त्रको व्यवस्थाको शुरुवात गरी सकेको छ । निष्ठाको राजनीतिलाई प्रोत्साहन गर्न आयोगले उम्मेदवारी दर्ता गर्दा उम्मेदवारको सम्पति विवरण लिने तथा उम्मेदवारको योग्यता, राजीनामा, पेश्की, बेरुजु आदि विषयमा स्वघोषणा लागू गर्ने सोच अघि सारेको छ । आयोगले ७६ बुँदाको निर्वाचन कार्यतालिका स्वीकृत गरी निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, मितव्ययी र निश्पक्ष तुल्याउन मूल लक्ष्यतर्फ अग्रसर भइसकेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताए ।

निर्वाचन कार्यतालिकामा बजेट अनुमान, राजनीतिक दल दर्ता र स्वीकृति, उम्मेदवारी मनोनय, निर्वाचन अधिकृत खटनपटन, मतदाता नामावली र मतपत्र छपाइ, निर्वाचन सामाग्री व्यवस्थापन, ढुवानी, अनुगम तथा मतदान र मतगणनासम्मका विषयबस्तु समेटिएको छ । उनले भने, “स्वीकृत निर्वाचन कार्यतालिका अनुसार आयोगले सबै कामलाई योजनाबद्ध र व्यवस्थित ढङ्गबाट अघि बढाइरहेको छ, निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निश्पक्ष, मितव्ययी बनाउन हामी तीव्र गृहकार्यमा छौँ ।”

## छोरीहरुलाई नि:शुल्क...

तर, निर्वाचनले गर्दा दुईवटा स्थानीय तहबाट मात्रै सिफारिस आयो’, भण्डारीले भने । उनले हाल चितवनको ईच्छाकामना गाउँपालिका र भक्तपुरको सूर्यविनायक नगरपालिकाको दुई जनालाई प्रदेश सरकारले सिभिल ईन्जिनियरिङ र कृषि विषय पढाइरहेको बताए ।

गत वर्ष स्थानीय तहहरुले नाम सिफारिस गरेर नपठाउँदा अल्पसंख्यक, दलित, सीमान्तकृत तथा लोपोन्मुख समुदायका १ सय १७ जना प्राविधिक शिक्षा पढ्नबाट वञ्चित भएका छन् ।

प्रदेशका छोरीहरुलाई नि:शुल्क पढाउने सन्दर्भमा सरकारले तथ्याङ्क संकलन गर्ने काम भइसकेपछि सरकारले स्नातक तहको पहिलो वर्षको लागि १० हजार र स्नातकोत्तर पहिलो वर्षको लागि १५ हजार रुपैयाँ छात्रवृत्ति दिने गरी तयारी गरिरहेको जनाइएको छ ।

# फस्टाउँदो सामुदायिक वनबाट आर्जन

गलेश्वर, ३१ साउन (रासस)/ हिमाली जिल्ला म्याग्दीमा विगत डेढ दशक अघिसम्म उजाड देखिएका डाँडापाखाहरू अहिले घना जङ्गलमा परिणत भएपछि उपभोक्ताहरूले वनबाटै आयआर्जन गर्नाका साथै वातावरण सन्तुलनमा पनि सहयोग पुगेको छ ।

विगतमा मानवीय लापरबाही, अनियन्त्रित वन फँडानी, खडेरी र डढेलोका कारणले उजाड बनेका वन जङ्गल फस्टाएर हराभरा भएपछि उपभोक्ताहरूले घाँस, दाउरा, जडीबुटी र अन्य वन पैदावरको उपयोग तथा बिक्री गरेर आयआर्जन गर्न सफल भएका बगरफाँट सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष डिलबहादुर घिमिरेले बताए ।



वन फँडानी रोकिएर जङ्गल हराभरा हुन थालेपछि सुक्दै गएका पानीका मुहान तथा जरुवाहरूमा पनि पानी देखिन थालेको र पानीको मुहानसमेत बढेर गएको स्थानीय बासिन्दाको भनाइ छ । स्थानीय उपभोक्ताकै स्वामित्वमा रहेका सामुदायिक वनलाई अझ कसरी व्यवस्थित गर्न सकिन्छ भन्ने उद्देश्यका साथ जिल्लाका सामुदायिक वन समूहरू बेलाबेलामा सामूहिक छलफलमा जुट्ने गरेका सामुदायिक वन उपभोक्ता महासंघले जनाएको छ । सरकारी स्वामित्वमा रहेको वन तीव्ररूपमा विनास हुन थालेपछि सरकारले स्थानीय उपभोक्तलाई नै वन संरक्षणमा सहभागी गराउने उद्देश्यले सामुदायिक वनको अवधारणा ल्याएपछि उपभोक्ताहरू पनि यसरी सक्रिय हुन थालेका हुन् । गाउँमा सामुदायिक वन गठन भएपछि घाँसदाउरा लिन घण्टौँ भौँतारिनुपर्ने बाध्यताबाट मुक्ति मिलेको गोश्वारा सामुदायिक वन उपभोक्ता समूहका कृष्ण रिजालले बताए । जिल्लामा तीन सय ६७ वन समुदायमा हस्तान्तरण भएपछि हजारौँ उपभोक्ताहरू त्यसबाट प्रत्यक्ष रूपमा लाभान्वित भएका सामुदायिक वन उपभोक्ता महासंघका पूर्वअध्यक्ष सीता गुरुङले बताए ।

सामुदायिक वनका उपभोक्ताहरू आफ्नो वनमा समयसमयमा वनका अनावश्यक बोटबिरुवा काँटछाँट गर्दछन् र त्यसैबाट उपभोक्ताहरूलाई आवश्यक काठ दाउरासमेत आउँछ । डिभिजन वन कार्यालयका अनुसार उपभोक्ता समिति गठन भएपछि स्थानीय उपभोक्ताहरूलाई घाँसदाउरा मात्र नभएर घर फर्निचर बनाउन आवश्यक परेको काठ पाउनका लागि पनि सजिलो भएको छ । सामुदायिक वन समूहरूले बढी भएको काठदाउरा बेचेर सामुदायिक वनको आयआर्जनमा समेत लागेका छन् ।

जिल्ला भित्रका कतिपय सामुदायिक वन समितिहरूले त स्थानीय विकासका लागि महत्वपूर्ण कार्यसमेत गर्दै आएका छन् । काठदाउरा बिक्रीबाट आम्दानी भएको सामुदायिक वन समितिको कोषको रकमबाट ग्रामीण सडक निर्माण, सामुदायिक संघसंस्थाहरूलाई सहयोग, विपन्न तथा दलितवर्गलाई सहुलियत दरमा ऋण प्रवाहलगायत कामसमेत गरिएका छन् । जिल्लाका कतिपय सामुदायिक वन समूहले आफ्नो आम्दानीबाट कतिपय स्थानमा भौतिक पूर्वाधार विकासमा सघाउ पुर्‍याउँदै आएका छन् । आफ्नो क्षेत्रमा खानेपानीको समस्या समाधान गर्नका लागि आफ्नै स्रोतले खानेपानी योजना निर्माणका कामसमेत सञ्चालन हुँदै आएका छन् ।

त्यसैगरी केही सामुदायिक वनले आफ्नो क्षेत्र भित्रको सामुदायिक वनमा उद्यानसमेत बनाएर पर्यटक आकर्षित गर्न थालेका छन् ।

***दुई महिनापछि जहाज अवतरण***

दुई महिनापछि हिमालपारिको जिल्ला मुस्ताङको सदरमुकाम जोमसोममा गत जेठ १५ गते पछि पहिलो पटक साउन ३० गते (करिब दुई महिनापछि) जहाज अवतरण भएको छ ।

गत जेठ १५ गते मुस्ताङको थासाङ गाउँपालिका-२ स्थित मानापाथी हिमालको फेद सानसुरे भिरमा तारा एयरको ९ एन एइटी जहाज दुर्घटनामा भएपछि पोखरा-जोमसोम हवाई सेवा रोकिएको थियो । सो विमान दुर्घटनामा चालक दलका तीन सदस्यसहित २२ जनाको मृत्यु भएको थियो ।

विमान दुर्घटना भएको २२ दिनपछि गत असार ७ गते जोमसोममा एउटा जहाज अवतरण गराइएको थियो । असार ७ गतेयता मौसम सफा भएको बेलामा पनि पर्यटकहरूले जहाजमार्फत मुस्ताङ जाने रुचि नदेखाएकाले कुनै पनि विमान जोमसोममा अवतरण भएका थिएनन् तर ५४ दिनपछि सोमबार १७ यात्रु बोकेको समिट एयरको जहाज अवतरण भएको विमानस्थलका प्रमुख पुष्कलराज शर्माले जानकारी दिए ।

उनका अनुसार गत असार ७ गते अन्तिम पटक जहाज उडान भएको विमानस्थलमा ५४ दिनपछि सोमबार मात्र एउटा विमान अवतरण भएको हो । मौसममा सुधार आएसँगै सोमबार बिहान सवा ९ बजे समिट एयरको जहाजमार्फत ११ विदेशी र छ नेपाली जोमसोम विमानस्थलमा अवतरण गरेका प्रमुख शर्माले जानकारी दिए ।

अहिलेसम्मको अवस्थामा मौसममा राम्रो सुधार आएको र अब मुस्ताङ घुम्ने याम पनि सुरु भएका कारण दैनिक उडानको संख्या बढ्न सक्ने उनले बताए । “विगतमा एक दिनमा सबैभन्दा बढी १७ वटासम्म उडान भएको थियो । अब पर्यटकका लागि मुस्ताङमा वातावरण अनुकुल भएको छ । मौसममा समस्या नआए उडान संख्या बढ्दै जान सक्छ,” प्रमुख शर्मा भने ।

# चुनाव आउँदैछ...

## चुनावकै बेला विकास नगर्ने लोसे पाराका र भ्रष्ट नेतालाई भोट नदिऔं । तिनलाई पाखा लगाउने उपयुक्त अवसर चुनावकै बेला हो । त्यही अभियान चलाउनु उपयुक्त हुन्छ ।

राजनीतिलाई गम्भीर रूपमा लिएर जसरी दिन-रात मानिसको ठूलो समूह दलहरूका पछि लागि केही पाउने आशमा लागेका छन् त्यो व्यर्थ छ । त्यहाँ पनि कसैले कसैले केही पाएका छन् वा कमाएका छन् भने चाटुकारहरूले मात्र कमाएका छन् । सोझा सिधाले जीवनभरि दण्डा खाँदा र झण्डा बोक्दा पनि केही नपाएको उदाहरण प्रशस्त छ ।

प्रत्येक मुलुकको आ-आफ्नो मौलिकता र विशेषता भौगोलिक कारणवाट फरक-फरक हुन्छ । नेपाल एउटा भूपरिवेष्ठित राष्ट्र हो, आकारमा सानो छ । तीन भाग उच्च पहाड छ, एक भाग तराई छ । प्रशस्त नदी-नालाहरू छन् । एउटा अलौकिक राष्ट्र प्रकृतिको कारणबाटै पनि देखिएको छ । हामीले वास्तवमा मौखिक रुपमा हुने चर्चा गरिने राजनीतिको तर्फभन्दा बढी गम्भीर चिन्तन र प्रयास विकासतर्फ गर्न जरुरी देखन्छ । नेताले मात्र होइन कि जनताले पनि यी कुरालाई बुझ्न सक्नुपर्छ । प्रत्येकले महत्वपूर्ण समयलाई खेर नफाली आफ्नो परिवार र आफ्नो व्यवहार व्यापारतर्फ ध्यान दिनु उचित हुन्छ । राज्यले बाटोघाटो अस्पताल दु:ख बिमारीका समयमा मात्र रेखदेख गर्ने हुँदा आफ्नो निजी व्यवहार आफैँले बेहोर्नुपर्ने हुन्छ ।

विगत ७० वर्षदेखि नेपालमा कोरा राजनीति मात्र देखिएको छ । तेज रफ्तारको विकास जसरी छिमेकी मुलुकले गर्न सकेका छन्, त्यो आजसम्म हामीले गर्न सकेका छैनौं । त्यो विकासको सम्भव आमजनताको बीच फुट र विभक्त भएर होइन, आपसमा मिलेर मात्र सम्भव हुन्छ ।

राजनीतिमा अनेकन् उतारचढावसँगै राम्रा-नराम्रा दृश्य हामीले, हाम्रो मुलुकभित्र ७० वर्षसम्म देखेकै छौँ । छिमेकी मुलुक भारतमा त्यहाँको संघीय संसद् र राज्यस्तरका विधानसभामा हुने गरेको उठापटक पनि सुनेका छौँ । कम्युनिस्टको कठोर अनुशासित शासनबारेमा उत्तरतर्फको छिमेकी मुलुक चीनमा भएको बारेमा पनि सुनेको छौँ ।

तसर्थ, अबको दिनमा हामीले यी सबै दैनिक चर्चा-विचर्चाको कुरालाई छाडी विकासतर्फ मनन गर्न जरुरी छ । राजनीतिको उत्पादकविहीन कुरालाई निर्वाचनको बखत हुने चर्चा उपचर्चासम्म सीमित राखी बाँकी समयमा निजी पारिवारिक विकास र राष्ट्रको विकासतर्फ मात्र ध्यान दिन जरुरी छ । राजनीतिको दैनिक हुने चर्चा, गाली गलौज, छि:छि: धुरधुरका फोहोर आरोप-प्रत्यारोपहरू वास्तवमा अनुत्पादक क्रियाकर्म हुन् । जो हिजो-आज अत्यन्त बढी देखिन्छ । यसको लाभ मुट्ठीभरिका वर्गलाई मात्र छ, सबैलाई छैन ।

अब आमजनताले सत्ताधरीलाई मुलुकको विकासका निम्ति घचघच्याउने हो । अनि खालि आरोप-प्रत्यारोपमा व्यस्त रहने र भएका संस्थाहरूलाई धराशयी बनाउनेबारे बहस चलाउनु पर्छ । दम्भी-घमण्डी, भ्रष्टाचार नेताहरूले चुनाव जितेमा हामीले कुशासन खेप्नुपर्छ ।

चुनावकै बेला विकास नगर्ने लोसे पाराका र भ्रष्ट नेतालाई भोट नदिऔँ । तिनलाई पाखा लगाउने उपयुक्त अवसर चुनावकै बेला हो । त्यही अभियान चलाउनु उपयुक्त हुन्छ ।

*(इकागज अर्काइभबाट)*

# सिसाको पुलसहितको साइकलमार्ग निर्माण हुने



मंगलबारे, ३१ साउन (रासस)/ इलामको सूर्योदय नगर पालिकामा नयाँ साइकलमार्ग निर्माण हुने भएको छ । नगरपालिकाले सिसाको पुल (ग्लास ब्रिज) सहितको साइकलमार्ग निर्माण गर्ने भएको हो । सूर्योदय नगरपालिकाको कन्यामस्थित डुँडे गैरादेखि ऐतिहासिक खलङ्गा रहेको पूर्णे डाँडासम्म साइकलमार्ग निर्माण हुने बताइएको छ ।

सुरुमा परियोजनाको कूल लागत सात करोड ५५ लाख अनुमान गरिए पनि सिसाको पुलको लागत बढ्ने भएपछि परियोजनाको लागत १० करोड पुग्ने छ । सो मार्गले स्थानीय चार हजार आठ सय ७५ परिवारको आयआर्जनमा सहयोग पुग्ने बताइएको छ । एक वर्षभित्रमा सञ्चालमा आउने सो मार्ग निर्माण भएपछि देशभरका साइकलयात्रीले इलामको सौन्दर्य हेर्दै नागबेली पथमा यात्रा गर्न पाउने छन् ।

नगरपालिकाको रु सात करोड ५० लाख, प्रदेश नम्बर १ को नवप्रवर्द्धन साझेदारी कोषको एक करोड ५० लाख, वित्तीय हस्तान्तरणअन्तर्गत समपुरक अनुदानको एक करोड लागतमा साइकलमार्ग निर्माण हुनेछ । गत जेठ ११ गते नगरपालिका र नवप्रवर्द्धन साझेदारी कोषबीच सम्झौता भएपछि मार्गको प्रारम्भिक काम सुरु भएको सूर्योदय नगरपालिकाका आर्किटेक्ट तथा सो कार्यक्रमका फोकल पर्सन सिजन गदालले जानकारी दिए ।

परियोजनाअन्तर्गत नगरपालिकाको मानेडाँडामा एक सय ५० मिटर लामो सिसाको पुल निर्माण गरिने गदालको भनाइ छ । साथै लोपोन्मुख लेप्चाजातिको संग्रहालय स्थापना गरिने छ । परियोजनाको मन्युमेन्ट पार्क, हेल्थ पार्क र चार वटा शौचालय निर्माण गर्ने योजना रहेको छ । साइकल मार्ग जिल्लाकै नयाँ परियोजना भएको बताइएको छ । जिल्लामै पर्यटकका लागि नयाँ उत्पादनका रूपमा विकास गर्न सकिने यो कार्यक्रमलाई नगरपालिकाले नै सञ्चालन गर्ने बताइएको छ । यो साइकलमार्ग निर्माण भएपछि नेपाली साइकलयात्री मात्र नभई विदेशबाट समेत पर्यटकहरु यहाँ आउने अपेक्षा गरिएको छ ।

## खादा प्रयोगमा पूर्ण निषेध

तनहुँ ३१ साउन (रासस)/ तनहुँको भानु नगरपालिका क्षेत्रमा खादाको प्रयोगमा पूर्णरूपमा रोक लगाइएको छ । भानु नगरकार्यपालिकाको बैठकले नगरपालिका क्षेत्रभित्र खादाको प्रयोग नगर्ने निर्णयअनुरूप रोक लगाइएको हो ।

विभिन्न कार्यक्रम, सभा, बैठक, समारोह तथा अन्य सम्मानलगायतका कार्यमा समेत खादा प्रयोग नगर्न निर्देशन गरिएको भानु नगर शिक्षा अधिकारी ध्रुवराज पौडेलले जानकारी दिए । खादा प्रयोगले अनावश्यक खर्च मात्रै बढाउने भएकाले यसको प्रयोग नगर्न सम्बन्धित निकायमा सोमबार नै परिपत्र गरिसकेको उनले बताए ।

सञ्चालित विद्यालय, कलेज, शिक्षालय, सामुदायिक सिकाइ केन्द्र, सार्वजनिक पुस्तकालय, वाचनालय तथा अन्य सम्पूर्ण सार्वजनिक कार्यक्रममा खादा प्रयोगमा नल्याइने नगरपालिका कार्यालयले जनाएको छ ।

## निर्वाचनका लागि ८४ दल दर्ता

काठमाडौँ, ३१ साउन (रासस)/ आउँदो प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि नयाँ र पुराना गरी ८४ दलले दर्ताको निवेदन दिएका छन् । सरकारले निर्वाचन आयोगको परामर्शमा यही साउन १९ गते आगामी मंसिर ४ गतेका लागि एकै चरणमा निर्वाचनको मिति घोषणा गरेपछि दिइएको दल दर्ताको अवधिको अन्तिम दिन मंगलबारसम्म ती दलले दर्ताका लागि निवेदन दिएका हुन् । आयोगले ती दलको मूल दर्ता र दर्ता मिति, पार्टीको नाम, पार्टीका प्रमुखको नाम, आयोगमा रहेको दल दर्ता नम्बरसमेतको सूचीसहितको विवरण तयार गरेको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# सामाजिक सूचना प्रणालीले अपराध रोक्ने विश्वास

साझाकुरा संवाददाता

हेटौंडा, ३१ साउन/ हेटौंडामा मंगलबार सामाजिक सूचना व्यवस्थापन प्रणालीको उद्घाटन गरिएको छ । बागमती प्रदेशकी सामाजिक विकास मन्त्री कुमारी मोक्तानले एक कार्यक्रमबीच प्रणालीको उद्घाटन गरेकी हुन् ।

अमेरिकी विकास नियोग यूएसएआईडी र बेलायती दातृ निकाय यूकेएडको आर्थिक सहयोगमा वीनरक ईन्टरनेशनल, शान्ति फाउण्डेशन र शक्ति समूहले संयुक्त रुपमा कार्यक्रम गरेको थियो । सामाजिक सूचना व्यवस्थापन प्रणालीमा स्थानीय तह र प्रदेश सरकारहरुलाई संलग्न गरेर



तथ्याङ्क पहुँच र भण्डारण गरिन्छ । मानव बेचविखनलाई प्रमुखता दिएर तथ्याङ्क संकलन गरिने सामाजिक सूचना व्यवस्थापन प्रणालीमा हिंसा पीडित, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएकाहरुको विवरण हुनेछ । प्रणाली यसअघि लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशमा उद्घाटन भइसकेको छ । सामाजिक सूचना व्यवस्थापन प्रणालीले सामाजिक विकृति, विसंगति अन्त्य गर्न महत्वपूर्ण भूमिका खेल्ने भएकाले यसलाई तत्काल लागू गर्नुपर्ने बागमती प्रदेशकी सामाजिक विकास मन्त्री मोक्तानले बताइन् । वैदेशिक रोजगारका नाममा भइरहेको मानव बेचबिखन जस्ता आपराधिक कार्य रोकथाममा पनि प्रणालीले सहयोग गर्ने उनको विश्वास छ । 'मानव वेचविखनसँगै महिला, बालबालिका लगायतको एकिन तथ्याङ्क नहुँदा बजेट कार्यक्रम निर्माण र कार्यान्वयनमा समस्या भइरहेको छ', मोक्तानले भनिन् । सामाजिक, आर्थिक विकास गर्नका लागि पनि सूचना प्रणाली छिटो लागू गर्नुपर्ने उनको भनाइ छ ।

असहाय बालबालिकाको एकिन तथ्याङ्क नहुँदा धेरै समस्या भएको उनले सुनाइन् । तथ्याङ्क संकलनमा स्थानीय तहहरुको महत्वपूर्ण भूमिका रहेको भन्दै यसकार्यमा एकद्वार प्रणाली उचित हुने मन्त्री मोक्तानले सुझाव दिइन् । कार्यक्रममा बागमती प्रदेशकी कृषि तथा पशुपन्छी विकास राज्यमन्त्री ईन्द्रमाया गुरुङले सामाजिक सूचना प्रणालीसम्बन्धी कार्य महत्वपूर्ण रहेको भन्दै सूचना संकलन, व्यवस्थापन, पहुँच र परिमार्जनका लागि तीनै तहको सरकारले विशेष भूमिका खेल्नुपर्नेमा जोड दिएकी छन् ।

कार्यक्रममा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका उपसचिव भरतराज शर्माले सामाजिक सूचना व्यवस्थापन प्रणालीको परिचय, महत्व, उदेश्य, सूचकहरु, निर्माण प्रक्रिया, प्रगति अवस्था, अपेक्षाबारे जानकारी गराएका थिए ।

हेटौंडा उपमहानगरपालिकाकी मेयर मीनाकुमारी लामा, सिन्धुपाल्चोकको पाँचपोखरी गाउँपालिकाका अध्यक्ष टासी लामा, सामाजिक विकास मन्त्रालयका सामाजिक विकास महाशाखाका प्रमुख गोपालप्रसाद कँडेल, बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका प्रहरी नायब महानिरीक्षक किरण बज्राचार्य, वीनरक ईन्टरनेशनल 'हाम्रो सम्मान परियोजना'का रत्नकाजी श्रेष्ठलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

शक्ति समूहकी कार्यकारी निर्देशक बालकुमारी दर्लामीको अध्यक्षतामा भएको दुई दिने कार्यक्रममा मकवानपुर, काठमाडौं, नुवाकोट र सिन्धुपाल्चोकका गाउँपालिका तथा नगरपालिकाहरुका कर्मचारीहरुको सहभागिता रहेको छ ।

## सन्तानेश्वर महादेवको मुर्ति प्रतिस्थापन



साझाकुरा संवाददाता

हेटौंडा, ३१ साउन/ मकवानपुरगढी गाउँपालिका-१ बुलबुले फुलबारीमा सन्तानेश्वर महादेवको मन्दिर उद्घाटनसँगै महादेवको मुर्ति प्रतिस्थापन गरिएको छ ।

बागमती प्रदेश सरकारका संस्कृति पर्यटन मन्त्री दीपेन्द्र श्रेष्ठले मन्दिरको उद्घाटन गरेका हुन् । श्रेष्ठले आन्तरिक तथा बाह्य पर्यटकका लागि यी शक्तिपिठ तथा मन्दिरहरुले महत्वपूर्ण भूमिका खेल्ने बताए । स्थानीय स्तरमा पनि पर्यटन प्रवर्द्धनको प्रचुर सम्भावना बोकेकोले थप विकास गर्दै मन्दिरको प्रचार प्रसार गर्न आग्रह गरेका छन् ।

आगामी बजेटमा पर्यटनको सम्भावना बोकेका क्षेत्रहरुमा बजेट विनियोजन गरिने समेत मन्त्री श्रेष्ठले बताएका छन् । स्थानीय तह बनेपछि विभिन्न चरणबद्ध रुपमा बजेट निकासा गर्दै १० लाख लगानीमा मन्दिर र वरिपरिका क्षेत्रहरुको निर्माण गरिएको वडा नम्बर १ का वडा अध्यक्ष आइतसिं लोले बताए ।

झण्डै पाँच वर्षमा उक्त मन्दिरको निर्माण गरिएको हो । निर्माण सम्पन्न भएसँगै भक्तजनका लागि पूजाआजाका लागि मन्दिर खुला गरिएको छ । भवन उद्घाटन समिति संयोजक प्रल्हाद सापकोटाको सभाध्यक्षतामा भएको कार्यक्रममा नेपाली कांग्रेस महासमिति सदस्य सुवात सिं थिङ, महासमिति तथा वडा नम्बर ७ का अध्यक्ष सुर्यबहादुर रुम्बा, वडा नम्बर १ का अध्यक्ष आइतसिं लो, नेपाली कांग्रेस गाउँपालिका सभापति राजवीर मुक्तान, कोषाध्यक्ष आकाश गोले, कार्यपालिका सदस्य फुलमाया टुप्पा, वडा सदस्य लालबहादुर लामा, सुन्तली विक, सोमलाल भ्लोन, भवन निर्माण उपभोक्ता समितिका अध्यक्ष रोशन लामा लोलगायतको उपस्थिति थियो ।

# कृषिलाई व्यावसायिक बनाउने अभियानमा छु: सुमार्गी

साझाकुरा संवाददाता

हेटौंडा, ३१ साउन/ नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्था तथा कृषि उद्यम केन्द्र सभापति अरुणराज सुमार्गीले कृषिलाई व्यावसायिक बनाउने अभियानमा लागिपरेको बताएका छन् ।

सिन्धुली उद्योग बाणिज्य संघको साधारण सभालाई संवोधन गर्दै उनले सो कामका लागि आफुले सय किसान अभियान चलाएको बताएका हुन् । सुमार्गीले अभियान कै क्रममा यस वर्ष अर्थमन्त्रीसँग बजेट भन्दा अगाडिनै सल्लाह गरेर वितरण मुखी अनुदान कार्यक्रम हटाई उत्पादन पछिको अनुदान र सहुलियत ऋणमा बजेट राखिएको बताए ।

नेपालमा कृषि उत्पादनको उच्च संभावना भएकाले सहि र उच्चतम प्रविधिको प्रयोग गरी उत्पादन बृद्धी गर्न सकिनेमा आफू विस्वस्त भएको उनले बताए । पुराना परम्परालाई छोड्नुपर्ने उनको भनाइ छ । उनले आधुनिकिरणबाट आत्मसाथ गर्दै आवश्यकतालाई उत्पादन गर्नुपर्ने बताएका हुन् ।

सुमार्गीले कृषिको नयाँ टेक्नोलोजी ल्याउने तयारी गरिरहेको बताए । उनले त्यस्लाई ल्याउन सरकारलाई घचघचाईरहेको बताउँदै ब्याजलाई न्युनिरकण गर्न कृषिलाई जोड्न खोजिरहेको बताए ।

# कांग्रेसले 'समृद्ध नेपाल सुखी नेपाली' बनाउन चाहेन: रिमाल

साझाकुरा संवाददाता

हेटौंडा, ३१ साउन/ नेकपा एमालेका उपमहासचिव विष्णु रिमालले सत्तारुढ गठबन्धनको प्रमुख घटक नेपाली कांग्रेसले मुलुकलाई 'समृद्ध नेपाल सुखी नेपाली' बनाउन नचाहेको आरोप लगाएका छन् ।

मदन भण्डारी फाउण्डेसन मकवानपुरको आयोजनामा मंगलबार हेटौंडामा भएको सामाजिक, आर्थिक रुपान्तरणमा जबज र मदन भण्डारी बिषयक बिचार गोष्ठीलाई सम्बोधन गर्दै रिमालले एमालेले मुलुकमा 'समृद्ध नेपाल सुखी नेपाली' अभियान चलाएपनि कांग्रेसले त्यसलाई नचाहेको बताएका हुन् ।

समाजवादको अन्तिम भनेकै समृद्ध नेपाल सुखी नेपाली रहेको उनको भनाई छ । उनले मुलुकलाई समृद्ध बनाउने र नेपालीलाई सुखी राख्ने अभिप्रायले एमाले काम गरिरहेको भएपनि कांग्रेस कमिशन र भ्रष्टाचारमै रुमलिएको आरोप लगाएका छन् । रिमालले वर्तमान सरकार कमिसन तन्त्रमा चलेको आरोप लगाए ।

न्यायाधीश नियुक्त गर्दा पनि सरकारले घुस लिने गरेको आरोप उनले लगाए । 'जिल्ला न्यायाधीश नियुक्त गर्दा र सर्वोच्चको न्यायाधीश नियुक्ती गर्न रेट नै तोकेर घुसको बार्गेनिङ भएको सुनिएको छ ।



सरकार कमिशन र भ्रष्टाचारमा डुबेको छ ।,' आगामी ४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन गठवन्धनले जितेमा मुलुकमा प्रतिगमन हुने उनको दाबी थियो । कानून निर्माण गर्ने काम व्यवस्थापिकाको रहेतापनि सरकारको अहिले कुनै काम नभएको बताए । समानुपातिक सांसदमा एक जनालाई एक पटक मात्र अबसर दिनुपर्ने उनको भनाई छ ।

नेता रिमालले कर्मचारीतन्त्र माथि पनि कटाक्ष गरे । अहिलेको कर्मचारीतन्त्र नसुध्रिँदा थप समस्या भएको उपमहासचिव रिमालले बताए । कार्यक्रममा नेकपा एमालेका केन्द्रीय सदस्य तथा मकवानपुर इन्चार्ज रामेश्वर राना, एमाले बागमती प्रदेश कमिटीका उपसचिव महेशकुमार बर्तौला, एमाले प्रदेश कमिटीका संगठन विभाग प्रमुख अनन्त पौडेललगायतकाले मन्तव्यक्त व्यक्त गरेका थिए ।

मदन भण्डारी फाउण्डेसन मकवानपुरका अध्यक्ष तथा एमाले प्रदेश कमिटीका सदस्य रघुनाथ खुलालको अध्यक्षतामा भएको कार्यक्रममा एमाले मकवानपुर अध्यक्ष एकालाल श्रेष्ठ, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलान, मकवानपुर बहुमुखी क्याम्पसका प्रमुख डाक्टर शंकर प्रसाद उपाध्यायको उपस्थिति थियो ।

## दुर्घटना न्यूनीकरणमा विद्यार्थीहरुद्वारा सचेतना



साझाकुरा संवाददाता

हेटौंडा, ३१ साउन/ सडक दुर्घटना बडढन थालेपछि यसको न्यूनीकरण गर्न हेटौंडा-६, चौघडामा रहेको वंशगोपाल माविले सचेतनामूलक कार्यक्रम गरेको छ ।

प्राविधिक शिक्षा अध्ययनरत् विद्यार्थीले मंगलबार धरान-चतरा खण्डको चौघडा क्षेत्रमा सचेनामूलक कार्यक्रम गरेका हुन् । विद्यार्थीहरुले ट्रक, बस, मिनीबस, जीप, अटो, मोटरसाइकललाई रोकेर सवारीसाधन बिस्तार र सुरक्षित किसिमबाट चलाइ आफू र अरुलाई सुरक्षित गर्न आग्रह गरेका थिए । दुर्घटना न्यूनीकरण र सन्देशमूलक जानकारी दिन सचेतनामूलक कार्यक्रम गरिएको विद्यालयका प्राचार्य रमेश लामिछानेले बताए ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समिति सदस्य विजय गौतम, पूर्वशिक्षक तारानाथ खतिवडा, शिक्षक, कर्मचारीलगायतको सहभागिता थियो । पछिल्लो समय उक्त क्षेत्रमा दुर्घटनाका घट्ना बढ्दै गएको छ ।


**सिद्धार्थ माध्यमिक विद्यालय हेटौंडा-२ मकवानपुरको**
**वन विज्ञानमा डिप्लोमा कक्षा ११ तथा कक्षा १० (खुला) मा**

**विद्यार्थी भर्ना सम्बन्धि सूचना**

कक्षा ११/१२ संचालनको प्रथम वर्षदेखि नै लगातार सर्वोत्कृष्ट तथा उत्कृष्ट नतिजा ल्याउन सफल हेटौंडा नगरीको मुटुमा अवस्थित यस सिद्धार्थ मा.वि. हेटौंडा-२ मा शैक्षिक सत्र २०७९/८० का लागि CTEVT अन्तर्गत वन विज्ञान डिप्लोमा, कक्षा ११ मा विज्ञान, कानुन, व्यवस्थापन र शिक्षा शास्त्रका साथै कक्षा १० (खुला) मा धमाधम नयाँ भर्ना भैरहेको हुँदा आफ्नो सिट समयमै सुरक्षित राख्न सम्बन्धित विद्यार्थी एवम् अभिभावकहरुलाई जानकारी गराइन्छ ।

प्रधानाध्यापक

**सिद्धार्थ माध्यमिक विद्यालय**
हेटौडा- २, मकवानपुर
**सम्पर्क नम्बर**: ०५-५२०७००, ९८५५०७१९९०, ९८४५०५८७१५, ९८४५०७२२४७, ९८५५०७०६४७

**भर्ना खुल्यो ! भर्ना खुल्यो !!**
**H.A कार्यक्रम**

**फारम बुझाने अन्तिम मिति**:
२०७९ साउन २६ गते बिहीबार बेलुका ४:३० बजे सम्म
**प्रवेश परीक्षा मिति**: २०७९ भाद्र ०४ गते विहान ११ बजे
**फारम शुल्क रू १५००/-**
**आवश्यक न्यूनतम शैक्षिक योग्यता**:
मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (SLC/SEE) परीक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयमा न्यूनतम 'C' ग्रेड प्राप्त गरी समग्र Grade Point Average (GPA) न्यूनतम २ प्राप्त गरेको हुनुपर्नेछ ।
**नोट**:
सामुदायिक, विद्यालय अध्ययन गरेको एकल महिला, दलित, आदिबासी/जनजाती मुस्लिम, मधेसी, पिछडिएको दुर्गम वर्गमा पर्ने विद्यार्थीहरुले सोको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

**मकवानपुर टेक्निकल इन्ष्टिच्युट**
हेटौंडा-५, भैरवरोड, सम्पर्क: ०५७-५२१८५२, ९८४५०२९८१०

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरू**:
- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

**प्रोपाईटर**: बिनोद शाही ☎ ९८४५०२२५३१, ९८१७२२४३६२
**विक्की फ्रेस मिट शप**
हेटौंडा-२, चौकीटोल



हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

**शिक्षक आवश्यकता**

*प्रकाशित मिति: २०७९/५/१*

यस विद्यालयमा मिति २०७९ साल साउन ३१ गते बसेको विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार यस विद्यालयको नि.मा.वि तहमा गणित विषय अध्यापन गराउनको लागि खुल्ला प्रतिष्पर्धाद्वारा १ शिक्षक पदपुर्ति गर्नुपर्ने भएको हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट मिति २०७९ साल भदौ १ गते देखी १५ सम्म कार्यालय समय भित्रमा आवश्यक प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपीसहित दरखास्त दिन आह्वान गरिन्छ ।

**विज्ञापन नं.**: ०१/०७९/०८०
**पद**: शिक्षक **तह**: नि.मा.वि
**संख्या**: एक (१) **योग्यता**: I.ED
**तलब**: वि.व्य.स को निर्णयअनुसार
**अध्यापन गर्नुपर्ने विषय**: गणित
**अन्तिम मिति** : २०७९ साल भाद्र १५ गते सम्म
**सम्पर्क मिति**: २०७९ साल भाद्र १७ गते
**परीक्षा मिति**: सम्पर्क मितिका दिनमा जानकारी गराईने छ ।
**परीक्षा किसिम**: लिखित तथा अन्तर्वार्ता
**आवश्यकता कागजात**: नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यता एवं अनुभवका प्रमाणित प्रतिलिपीहरु तथा स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपी ।
**निवेदन दस्तुर**: रू १,०००/- (एक हजार मात्र)
**सम्पर्क फोन नं.**: ९८६९७२४५२०

प्र.अ महालक्ष्मी बुलुन
**श्री जनज्योति आधारभुत विद्यालय**
मनहरी गाउँपालिका-१, गोगनपानी, मकवानपुर


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण**: सफल छापाखाना